# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ३८८ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।**

विषय :- **पैठारीका लागि पूर्ण बन्देज लागेका बस्तुहरू वारे ।**

महाशय,

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६०।७।२४ गते प्रकाशित सूचना (हिरा जवाहरातको निकासी पैठारीमा लगाइएको बन्देज हटाइएको वारे) र सोही मन्त्रालयको मिति २०६०।१२।१६ गते प्रकाशित सूचना (रेडियो यन्त्रहरू आयात गर्ने बारे) समेत समावेश गरी निम्न व्यबस्था (तपसिलमा उल्लेख भएका बस्तुहरू वाहेक अन्य बस्तुहरूको आयात खुल्ला रहेको हुँदा प्रचलित व्यबस्था अन्तर्गत रही आयात प्रतितपत्र खोल्न सकिने) गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

<u>तपसिल</u>

१. **स्वास्थ्यलाई हानी गर्ने सामानहरूः**

(क) अफिम, मर्फिया जस्ता लागू पदार्थहरू,

(ख) साठी प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराहरू ।

२. **हातहतियार र विस्फोटक पदार्थहरू (नेपाल सरकारको इजाजतपत्र प्राप्त वाहेक)**

(क) खरखजाना बनाउन चाहिने आवश्यक सामानहरू,

(ख) बन्दुकहरू र बन्दुकका गोलीहरू,

(ग) कागज बाहेकका केपहरू (Capes),

(घ) अन्य बिस्फोटक पदार्थहरू र हातहतियारहरू ।

३. रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम १८ बमोजिम लाइसेन्स लिन नपर्ने रेडियो यन्त्रबाहेक वायरलेस, वाकिटकी, कर्डलेस, प्रसारण यन्त्र, स्याटेलाइट कम्युनिकेसन, स्याटेलाइट रिसिभर, लिङ्क रेडियो उपकरण जस्ता रेडियो उपकरण र अन्य यस्तै शव्दबाहक, संवादवाहक, दृश्यवाहक, तथ्याङ्कबाहक, रेडियो यन्त्रहरू (नेपाल सरकारको स्वीकृति प्राप्त बाहेक) ।

४. मूल्यवान धातु (सुन चाँदी वाहेक) ।

५. गोमांस ।

६. प्लाष्टिकका भुत्रोहरू एवं पुनः प्रशोधीत (रिसाइकल्ड) प्लाष्टिकका दानाहरू ।

**(तत्कालिन वाणिज्य मन्त्रालयको मिति २०५३।३।३ को सूचना अनुसार)**

७. भारत, बङ्गलादेश, श्रीलङ्का र भुटान वाहेक एशियाका अन्य सबै मुलुकहरुबाट जिवित पंक्षी, कुखुरा लगायत अन्य चरा जाती र त्यस्को अप्रशोधित मासु तथा अण्डा लगायत पंक्षीजन्य अप्रशोधित सामाग्रीहरु ।

**(तत्कालिन कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभागको च.नं. ५८० मिति २०६१/८/२ को पत्रबाट)**

भबदीय,



(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक